आज मिति २०८० असार ०३ गतेका दिन यस मर्स्याङदी गाउपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम वहादुर वि.क.

नि.प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

अन्य उपस्थिति :

प्रविधिक शाखा प्रमुख :- श्री सुरेश गौतम

लेखा शाखा प्रमुख :- श्री सुरेन्द्र ढुङगाना

मिति २०८० असार ०३ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु ।

निर्णय नं १: अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

मिति २०८०/०२/२५ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं.२ नीति तथा कार्यक्रम गाउँसभामा पेश गर्ने सम्बन्धमा ।**

**मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८०/८१को नीति तथा कार्यक्रम गाउँसभामा पेश गर्ने निर्णय गरियो ।**

❖ आर्थिक विकास नीतिः

आर्थिक विकासका क्षेत्रमा निम्न बमोजिमका नीति अवलम्बन गरिनेछ ।

**क) कृषि तथा पशुपंछी विकास नीतिः**

१. एक वडा एक कृषि पशु प्राविधिकको व्यवस्था गरिनेछ ।

२. कृषि उत्पादनलाई बजारीकरणमा सहज बनाउन कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

३. कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि क्षेत्रको विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण गरिनेछ ।

४. कृषि उत्पादनलाई प्रोत्साहित गर्न वार्षीक रुपमा कृषि मेला आयोजना गरिनेछ।

५. भकारो तथा मलखाद सुधार नीति लिइनेछ र जमिनको वर्गीकरण गरी कृषि उपजको उत्पादकत्वमा वृद्धि गरिनेछ ।

६. उन्नत वीऊ विजनको सर्वसुलभ वितरण गरी उत्पाकत्व वृद्धि गर्ने नीति लिइनेछ ।

७. किसानहरुको वर्गीकरण गरी उत्पादनमा आधारित अनुदान वितरण गर्न मापदण्ड तयार गरिनेछ।

८. रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोगमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

९. एक घर एक करेसाबारी; मर्स्याङ्दी गाउँपालिका भरी कार्यक्रमलाई अभियानकै रुपमा अगाडी बढाइनेछ ।

१०. गाउँपालिकालाई आत्मनिर्भर बनाउँदै निर्यात गर्ने उद्धेश्यका साथ तरकारी तथा फलफूल नर्सरी स्थापना गर्न सहकारी, कृषक समूह तथा व्यवसायिक किसानहरुलाई आवश्यक सहयोग गरिनेछ।

११. कृषि तथा पशुजन्य उत्पादनमा आधारित अनुदानलाई निरन्तरता दिइनेछ।

१२. कृषि क्षेत्रमा लगानी वृद्धि गरी उत्पादकत्व बढाउनको लागि व्याजमा अनुदानको व्यवस्था गरिनेछ।

१३. स्थानीय लोपोन्मुख बीउबिजन, रैथाने वालीहरुको संरक्षण र प्रवर्द्धन गर्दै गाउँपालिका स्तरीय बीउ बैङ्कको स्थापना र व्यवस्थापनमा जोड दिइनेछ ।

१४. एकीकृत कृषि खेती तथा सामुहिक तथा सहकारी खेती प्रणाली र पर्यापर्यटन वातावरण मैत्री कृषि प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

१५. गाउँपालिकाभित्र सञ्चालित कृषि पकेट क्षेत्रहरुलाई निरन्तरता दिँदै भूगोल माटो र हावापानीको आधारमा क्षेत्रगत पकेट क्षेत्रहरु घोषणा गरी तत्काल कार्यान्वयन गरिनेछ।

१६. लक्षित वर्ग पहिचान गरी वडाहरुमा वितरणमुखी कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. माछा, मासु, दूध, तरकारी र अण्डामा आत्मनिर्भर बनाई उत्पादन, प्रशोधन र विक्री वितरणमा जोड दिइनेछ ।

१८. परम्परागत भेडा, बाखा, गाई, भैंसीका घुम्ती गोठ तथा खर्कहरुलाई सुदृढ गर्दै पशु जन्यवस्तु तथा परिकारको प्रशोधन र व्यवसायीकरणमा जोड दिइनेछ ।

१९. बजार क्षेत्रहरुमा आधुनिक र व्यवस्थित पशु वधशालाको निर्माणमा सहयोग गरिनेछ ।

२०. कृषि तथा पशुपन्छी विमालाई अनिवार्य गरिनेछ ।

२१. पशुपन्छीहरुलाई पूर्ण खोप सुनिश्चित गरिनेछ।

२२. घाँस तथा फलफुलको बिरुवामा गाउँपालिकालाई आत्मनिर्भर बनाउँदै निर्यात गर्ने उद्धेश्यका साथ नर्सरी स्थापना गर्न आवश्यक सहयोग गरिनेछ ।

२३. आरन सुधार गरी कृषि औजार निर्माणमा प्रोत्साहन गरिनेछ ।

२४. बाँदर र जङ्गली जनावरहरुको नियन्त्रणमा जोड दिइनेछ ।

२५. कृषि तथा पशुपन्छीको उत्पादन बढाउँदै प्रशोधन, ग्रेडिङ, प्याकिङ र भण्डारणको व्यवस्था गर्दै कृषि बजारलाई व्यवस्थित गरिनेछ ।

२६. पशुपालनका लागि नस्ल सुधार, उन्नत तथा पोषणयुक्त घाँस विकास, चरिचरन वा खर्क विकास, पशुजन्य औद्योगिक उत्पादन तथा व्यवस्थापन गरिनेछ ।

२७. कोसेली घरको स्थापना गरी कृषिजन्य उपजहरुको बजारीकरण गरिनेछ । समर्थन मूल्य निर्धारण गर्दै विचौलियाहरुको प्रभावलाई अन्त्य गरिनेछ।

२८. कृषक क्षमता विकास, कृषि तथा पशुपन्छीसम्बन्धी तालिम, आधुनिक कृषि औजार तथा प्रविधि प्रचार प्रसार, प्राविधिक सेवा, कृषि सामग्री आपूर्ति, अवलोकन भ्रमण सम्बन्धी कार्यहरू गरिनेछ।

२९. व्यवसायीक कृषि उत्पादनलाई प्रोत्साहित गर्न सिँचाईको व्यवस्था गरिनेछ।

३०. गाउँपालिकाको उत्पादन बढाउन माटो परीक्षण शिविर सञ्चालन गरिनेछ ।

३१. गोरुपालक कृषकलाई प्रोत्साहन गरिनेछ ।

ख) पर्यटन विकास नीतिः-

१. पर्यटन विकासलाई गाउँपालिकाको आर्थिक विकासको मेरुदण्ड मानी आन्तरिक तथा बाह्य पर्यटक आगमन बढाउन प्रचार– प्रसार र पर्यटन प्रवर्द्धन गरिनेछ ।

२. ऐतिहासिक राष्ट्रिय व्यक्तित्वहरु भुगोलविद् डा.हर्क गुरुङ, राष्ट्रिय विभुति वीर भक्ति थापा, राष्ट्रकवि माधवप्रसाद घिमिरेका चिनारी हुने स्थलहरु संरक्षण र पार्कहरु निर्माण कार्यलाई निरन्तरता दिई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।

३. परम्परागत भिरमह शिकारलाई पर्यटनसँग जोडिनेछ ।

४. संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी पर्यटकीय स्थलहहरुको सुदृढीकरण गरी पर्यटन आगमन बढाउन प्रचार प्रसारमा जोड दिइनेछ ।

५. पि.पि.पि अवधारणामा पालिकाभित्रका पर्यटकीय क्षेत्रको विकास गर्ने नीति लिइनेछ ।

६. पर्यटन व्यवसायमा गुणस्तरीय सेवाको लागि तालिमको व्यवस्था गरिनेछ ।

७. जगत स्थित तातोपानी कुण्डलाई स्तरोन्नति गर्दै प्रचार प्रसार गरिनेछ ।

८. हर्सिङडाँडा, चित्रेडाँडा, बराहपोखरी, मेमेपोखरी, सुन्दरी ताल, गोरुजुरे डाँडा, ठुलीवेसीको नेवारजुङ डाँडा, खेलपु डाँडा, कोजु डाँडा, मणि डाँडा, केरपु खर्क, कोंप्रो, लुम्रों डाँडा, बुकी डाँडा, फुल्पु डाँडा, तल्डयो पोखरी, सम्बोछ्इलिङ्ग गुम्बा, साङगो छोइलिङ गुम्बा, कोइछों देवी, ढुं-साँघु र खोइम्रो यूँ मन्दिर, भिरपुस्तुन कालिका मन्दिर, सिद्धमाई मन्दिर लगायतका स्थानहरुमा सडक सञ्जाल तथा सुविधा सम्पन्न पर्यटन पदमार्ग बनाई, पर्यटकिय गन्तव्यको रुपमा विकसित गरिनेछ ।

९. ढगैबेसीस्थित भक्ति थापा पार्क, बाहुनडाँडा स्थित राष्ट्रकवि माधव प्रसाद घिमिरे पार्क, ताइलीचोक स्थित डा.हर्क गुरुङ समाधिस्थल पार्क निर्माण तथा स्तरउन्नति गरिनेछ।

१०. शहिद सुकमान गुरुङ पार्कको निर्माण तथा स्तरउन्नति गरिनेछ ।

११. स्याङ्गे झरना, हामखोला झरना, बुङ झरना, अक्टोपस झरना र पेम्रो झरनाहरुमा क्यानोनिङको व्यवस्था गरी थप प्रचार प्रसार गरिनेछ ।

१२. भुलभुले भुस्मे, डादी, ताराचोक देखि धार्मीक एवं पर्यटकिय हिसावले उच्च सम्भावना भएको बराहपोखरी जोड्ने एक पर्यटकिय पदमार्ग निर्माणमा जोड दिँदै विकास गरिनेछ।

१३. घनपोखरा, खुदी-शिउरुङ, रामबजार-उपल्लो ताघृङ, थुर्जुलेक-दुधपोखरी जोड्ने एक धार्मीक एवं पर्यटकिय पदमार्गको विकास गरिनेछ। सो पदमार्गलाई मनाङ र पोखरा सँग जोडिनेछ।

१४. भिरपुस्तुन, घेर्मु - ठुल्नागी ताल सम्म पुग्ने पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।

१५. खुदी - भलामचौर - घलेगाउँ - घनपोखरा - जिम्दो - हर्सिङ डाँडा - शिउरुङ - छापा पर्यटकिय पदमार्गको विकासमा जोड दिईनेछ।

१६. बेसिशहर - मनाङ पर्यटकीय पदमार्गको मर्स्याङ्दी खण्डको निर्माणमा जोड दिईनेछ।

१७. बुद्ध हिमाल - हिमालचुली ग्रेट लेक सर्किट ट्रेल निर्माण र विकासको निम्ति अन्य पालिकाहरु सँग समन्वय गर्दे संघ र प्रदेश सरकार सँग पहल गरिनेछ।

१८. खानीगाउँ स्थित रक गार्डेनलाई थप व्यवस्थित गरिनेछ ।

१९. मर्स्याङ्दी गाउँपालिकाभित्र रहेका पूरातात्विक महत्वका पाटी पौवा चौतारा, मठ मन्दिर, गुम्बा चैते, ढुङ्गे धारा, ठाँटी, सत्तल, कुवा आदिको खोज अनुसन्धान गरी संरक्षण गरिनेछ ।

२०. प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक क्षेत्रहरुको संरक्षण, संवर्द्धन र विकास गरिनेछ ।

२१. स्थानीय कच्चा पदार्थहरुबाट पर्यटन उद्योग स्थापना गरी स्वरोजगारको सिर्जना गरिनेछ ।

२२. सञ्चालनमा रहेका होमस्टेहरुलाई थप स्तरउन्नति तथा प्रवर्द्धन गर्दै नयाँ सम्भावित गाउँहरुलाई होम स्टे गाउँको रुपमा विकास गरिनेछ ।

२३. प्याराग्लाइडिङ, र्याफ्टिङ, जिफ्लाइन, क्यानोनिङ जस्ता शाहसिक खेलहरुको सम्भाव्यता अध्ययन, प्रवर्द्धन तथा विकास सम्बन्धी कार्यहरू गरिनेछ ।

२४. पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ ।

ग) उद्योग तथा वाणिज्य र व्यापार व्यवसाय नीतिः-

१. कृषि, वन र जडीबुटीसँग सम्बन्धित कच्चा पदार्थहरुको प्रयोग गरी साना तथा घरेलु उद्योगहरु स्थापनामा प्रोत्साहन र सहयोग गरिनेछ ।

२. यार्सागुम्बा, वनलसुन, सतुवा, निर्मसी, दालचिनी, जटामसी, पाँचऔंले, तितेपाती, चिराईतो, कुट्की, हर्रो, बर्रो, विष, सुगन्धवाल, अमला लगायतका जडीबुटी भएको यस गाउँपालिकामा निजी, सहकारी र साझेदारीमा जडीबुटी सङ्कलन– प्रशोधन तथा बिक्री केन्द्रको स्थापना गरी जडीबुटी संरक्षण प्रवर्द्धन र निकासीमा जोड दिइनेछ ।

३. ढुङ्गा, गिट्टी तथा बालुवाको स्रोतको संक्षिप्त प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) बमोजिम उत्खनन् र निकासी गर्ने व्यवस्था मिलाइनेछ ।

४. सार्वजनिक, सहकारी र निजी लगानी अर्थतन्त्रको तीनखम्बे नीतिलाई आत्मसाथ गरिनेछ । साथै वनजन्य कच्चा पदार्थसँग सम्बन्धित उद्योग स्थापनामा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

५. व्यवसाय दर्ता तथा नवीकरणलाई थप व्यवस्थित गरिनेछ ।

६. गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

७. स्थानीय लगानीलाई संरक्षण र प्रोत्साहन गरी बाह्य लगानीलाई आकर्षण गर्न गैर आवासीय मर्स्याङ्दी वासीहरुलाई लगानीमैत्री वातावरण तयार गरिनेछ ।

८. स्थानीय श्रोत साधनमा आधारित छाला, निगाला, चोया, बाँस, राडीपाखी, बख्खु, अल्लो, जडिबुटी आदिको प्रवर्द्धन गरी साना उद्योग धन्दा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

९. स्थानीय व्यापार प्रवर्द्धन गर्न हाटबजारहरुको व्यवस्था गरिनेछ ।

१०. उपभोक्ता हित संरक्षणका लागि मञ्च, सञ्जाल वा मिलनकेन्द्र गठन गरी अघि बढिनेछ ।

११. उद्यमशीलता विकास तालिमको व्यवस्था गरिनेछ ।

**घ) सहकारी तथा वित्तीय क्षेत्र सम्बन्धी नीतिः-**

१. सहकारी संस्था सम्बन्धी स्थानीय ऐन, नियम, नीति, कानून तथा मापदण्ड कार्यान्वयन गरी नियमनमा जोड दिइनेछ ।

२. कम पूँजी र समान उद्देश्य भएका सहकारीलाई एकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

३. सहकारी संस्थाको क्षमता अभिवृद्धि, प्रवर्द्धन र विकासमा जोड दिइनेछ ।

४. सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

५. सहकारीको सिद्धान्त, मूल्य र मान्यतालाई आत्मसाथ गर्दै सदस्यहरुको हितमा काम गर्न समन्वय र सहजीकरण गरिनेछ ।

**ङ) गरिबी निवारण तथा रोजगार नीतिः-**

१. एक घर एक रोजगारको नीतिलाई कानुनी व्यवस्थामा परिणत गर्ने प्रयत्न गरिनेछ ।

२. वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन आवश्यक पहल गरिनेछ ।

३. पालिकामा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन गरी श्रममुलक योजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।

४. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

५. संघ तथा प्रदेशले ल्याएको रोजगार मुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

६. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न गरी स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

७. श्रम सम्बन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जना गर्न जोड दिइनेछ।

८. रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

९. श्रमको सम्मान राष्ट्रका अभियान, न्युननम रोजगार नागरिकको अधिकार अभियान सञ्चालन गरि उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

१०. कृषि, पर्यटन, घरेलु तथा साना उद्योग, विद्युत, लघुवित्त, सहकारी जस्ता रोजगारी सिर्जना हुन सक्ने सघन क्षेत्रमा लगानी बढाउन प्रोत्साहित गरिनेछ ।

११. वैदेशिक रोजगारलाई क्रमश न्यूनीकरण गर्दै उनीहरुलाई श्रम बजारमा आवद्ध गर्न उद्यमशीलता तालिम तथा प्रविधि उपलब्ध गराईनेछ ।

१२. सुरक्षित नागरिक आवास कार्यक्रमलाई खरको छाना मुक्त गाउँपालिका बनाउने अभियानसँग जोडिनेछ ।

१३. भूमिहीन सुकुम्बासीहरुका न्यूनतम् जीविकाका लागि जग्गा उपलब्ध गराउन आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

१४. गरिबी निवारण कोषद्धारा समुदायलाई हस्तान्तरण गरिएको कोष सञ्चालन र थप व्यवस्थित गर्न समितिहरुलाई सक्रिय र जिम्मेवार बनाईनेछ।

## सामाजिक विकास नीति :

### क) शिक्षा:

१. बालमैत्री स्थानीय शासन लागू गर्ने प्रक्रिया अगाडी बढाइनेछ ।

२. शिक्षा प्राप्ति बालबालिकाको मौलिक अधिकार हो । विद्यालयहरुको सिकाइलाई नतिजामुखी तथा व्यवहारिक बनाउन गाउँपालिकाबाट पारित २५ बुँदे शैक्षिक घोषणाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिका स्तरीय शैक्षिक कार्यक्रमहरुलाई निरन्तरता दिँदै थप व्यवस्थित गरिनेछ । उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालय र विद्यार्थीहरुलाई थप प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४. गाउँपालिकाको शिक्षण सिकाइका क्रियाकलाप तथा व्यवस्थापकिय पक्षलाई बाल, अपाङ्ग तथा प्रविधिमैत्री बनाउन जोड दिइनेछ ।

५. खानेपानी, छात्रामैत्री शौचालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालयको उचित व्यवस्थापन गर्दै प्रयोगात्मक शिक्षामा जोड दिइनेछ ।

६. कक्षा ६-८ को स्थानीय पाठ्यक्रम र कक्षा १-५ को पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

७. बालबालिकालाई नैतिक एवं सकरात्मक सोँचको विकास गराउन विद्यालय स्तरिय उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८. मर्स्याङ्दी गाउँपालिका वडा नं. ९, ग्रामीण तालिम केन्द्रमा कृषि तर्फको ३ वर्षे डिप्लोमा कक्षा सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

९. एक पालिका एक प्राविधिक धारका विद्यालय स्थापनामा जोड दिइनेछ ।

१०. भूगोल तथा विद्यार्थी संख्याको आधारमा विद्यालयहरुको समायोजन गरी उचित व्यवस्थापनमा जोड दिइनेछ ।

११. शिक्षासँग सरोकार राख्ने गै.स.स सँग सहकार्यको नीति अगाडी बढाइनेछ ।

अर्जुन गुरुङ
अध्यक्ष

१२. विद्यालयहरुमा क्रमशः भूकम्प प्रतिरोधी, बाल तथा अपाङ्गमैत्री संरचना निर्माणमा जोड दिइनेछ।

१३. नेपाल सरकारको एक स्थानीय तह एक नमूना विद्यालय स्थापनाको नीतिलाई आत्मसाथ गरी सहकार्यका कार्यक्रम अगाडी बढाइनेछ ।

१४. विद्यालयमा सिकाइ उपलब्धी वृद्धि गर्नको लागि विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गरिनेछ ।

१५. विद्यार्थीसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. वातावरणमैत्री विद्यालयमा जोड दिईनेछ।

१७. विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विशेष जोड दिइनेछ ।

१८. बाल शिक्षिकाहरुलाई मन्टेश्वरी तालिम सञ्चालन र व्यवस्थापन गरिनेछ ।

१९. विद्यालय निगरानी समूह गठन गरी विद्यालयहरुको अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

२०. प्रत्येक विद्यालयमा फ्रि वाइफाइ, अनिवार्य ICT विधि प्रयोगमा ल्याइनेछ. ।

२१. राष्ट्रिय आवश्यकता अनुसार उत्पादनशील, व्यवसायिक, प्राविधिक शिक्षाको व्यवस्था गरिनेछ ।

२२. अमर मा.वि.मा एक स्नातक तहको कलेज समेत सञ्चालनमा ल्याउन प्रयन्त गरिनेछ।

२३. वाल विकास केन्द्रहरुको आवश्यकता अनुरुप स्थापना, विकास र सुदृढीकरण गरिनेछ ।

२४. सामुदायिक विद्यालयहरुमा आवासीय तथा छात्रबासको अवधारणा लागू गरिनेछ ।

२५. विपन्न, दलित, सीमान्तकृत, गरीब, अपाङ्गता, अनाथ आदिको लागि छात्रवृत्ति तथा शैक्षिक विमाको व्यवस्था गरिनेछ ।

२६. एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक विज्ञान प्रयोगशाला, वडा कार्यालयमा मिनि लाईब्रेरीको व्यवस्था गरी आवश्यकता अनुसार बैकल्पिक शिक्षा सञ्चालन गरिनेछ।

२७. विद्यालय उमेर समूहका सम्पूर्ण बालवालिकालाई भर्ना तथा टिकाउदरमा वृद्धि गर्दै गुणस्तरीय शिक्षा प्रदान गरिनेछ ।

२८. उचित मापदण्ड निर्धारण गरी शिक्षक दरबन्दी मिलान गरिनेछ ।

२९. गाउँ पालिका स्तरीय शिक्षा नीति निर्माण गरिनेछ ।

३०. स्वास्थ्य तथा शारीरिक शिक्षा, खेलकुद, योग, नृत्य संगित र अन्य अतिरिक्त क्रियाकलापहरुको सञ्चालनका लागि घुम्ति शिक्षकहरुको व्यवस्था गरिनेछ।

३१. बालिका तथा अपाङ्गमैत्री शौचालय, स्यानिटरी प्याड, स्वास्थ्य परिचारिका र विभिन्न प्रोत्साहन कार्यक्रमहरु ल्याइनेछ ।

३२. विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थीहरुलाई तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्दै जवाफदेही बनाइनेछ ।

३३. दिवा खाजामा स्थानीय पौष्टिक खाद्य उत्पादनलाई अनिवार्य गरिनेछ।

३४. विद्यालयहरुमा स्वच्छ खानेपानी व्यवस्था, जंकफुड निषेधित विद्यालय बनाउँदै जंकफुड निषेधित गाउँपालिका घोषणा गरिनेछ ।

३५. प्र.अ.हरुलाई तहगत प्रोत्साहन भत्ताको व्यवस्था गर्दै थप जिम्मेवार बनाईनेछ।

३६. विद्यायमा स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**ख) स्वास्थ्य नीतिः-**

१. आधारभूत, निःशुल्क स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ साथै नियमित सेवाको पहुँचमा नरहेका जनतालाई स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

२. नयाँ भवन निर्माण हुन बाँकी स्वास्थ्य चौकीहरुको भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ।

अर्जुन गुरुङ
अध्यक्ष

३. गुणस्तरिय स्वास्थ्य सेवामा सवै नागरिकको पहुँच सुनिश्चित गर्नका-लागि यसै आ.व. भित्र सम्पन्न हुने १० शैया अस्पतालमा आवश्यक पर्ने जनशक्ति र उपकरणहरुको व्यवस्थापनको लागि माथिल्लो निकायहरुमा आवश्यक समन्वय गरि उचित व्यवस्थापन गरिनेछ।

४. आवश्यकता अनुसार विशेषज्ञ सेवा सुविधा सहित स्वास्थ्य शिविरहरु सञ्चालन र व्यवस्थापन गरिनेछ ।

५. यस गाउँपालिकाको खुदी र घेर्मुमा सञ्चालित ल्याव सेवालाई थप सुदृढ गर्दै निरन्तरता दिइनेछ।

६. औषधी तथा स्वास्थ्य सामाग्री खरिद लगायत स्वास्थ्य सेवाका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

७. घरमा हुने सुत्केरीलाई शुन्यमा झार्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरी घरवाट प्रसुति केन्द्र सम्म निशुल्क एम्बुलेन्समा ल्याउने र पुऱ्याउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

८. लुकेर बसेका क्षयरोगीहरुलाई  समयमा नै पत्ता लगाई उपचारको व्यवस्था मिलाउन दुरदराजमा रहेका बस्तीहरुमा खकार सङ्कलन गरी आवश्यक जाँच गरिनेछ ।

९. विद्यालय स्वास्थ्य शिक्षा तथा समुदाय स्वास्थ्य शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै निरन्तरता दिईनेछ।

१०. गर्भवती महिलालाई अनुमानित प्रसुती मितिभन्दा एक हप्ता अघि देखि नै अनिवार्य निगरानीका साथै आवश्यक परामर्श सेवाप्रदान गरिनेछ ।

११. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुलाई आवश्यक अभिमुखीकरण तथा तालिमको व्यवस्था गरिनेछ ।

१२. पालिकामा रहेका मनोसामाजिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको पहिचान गरी मनोपरामर्श तथा विपन्नहरुलाई निःशुल्क औषधीको व्यवस्था गरिनेछ ।

१३. माध्यमिक विद्यालयहरुमा विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षा  कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुको माध्यमबाट स्वस्थ पालिका बनाउन प्रयत्न गरिनेछ ।

१४. स्थानीय जडीबुटी परिचयात्मक कार्यक्रम सञ्चालन गरी हाम्रो वरपर भएका अमूल्य जडीबुटीको परिचय तथा प्रयोगको बारेमा जानकारी गराइनेछ ।

१५. योगको माध्यमबाट रोग प्रतिरोधात्मक क्षमता वृद्धि गराउन जनता आरोग्य तथा स्वस्थ जीवनशैली कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१६. संघ र प्रदेश सरकार सँगको सहकार्यमा स्वास्थ्य बिमा कार्यक्रमलाई अगाडी बढाइनेछ ।

१७. स्वास्थ्यमा बिमाको व्यवस्था गरी आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

१८. पालिका भित्रका सबै नागरिकलाई वर्षको एक पटक निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

१९. ANC PNC भेटलाई निरन्तरता दिँदै मातृ तथा शिशु मृत्यु दरलाई शून्यमा झार्ने मातृ तथा शिशु संरक्षणको दायित्व गाउँपालिकाले लिनेछ ।

२०. छोराछोरी दुवै बराबरी, बाल संरक्षण अनुदानको माध्यमबाट कुपोषणको अन्त्य गरिनेछ ।

२१. पोषण लक्षित सामुदायिक कार्यक्रमहरु सञ्चालन गर्दै पोषणमैत्री वडा तथा पालिका घोषणको लागी आधार तयार गरिनेछ ।

२२. महिलाहरुको प्रजनन स्वास्थ्यको सुनिश्चित गर्न तालिम प्राप्त स्वास्थ्यकर्मीहरुद्वारा स्वास्थ्य परिक्षणलाई निरन्तरता दिईनेछ। महिलाहरुमा हुन सक्ने स्वास्थ्य समस्याहरुको न्युनिकरण गर्न पहल गरिनेछ।

२३. नसर्ने रोगहरुको जोखिमलाई न्युनिकरण गर्न नसर्ने रोगहरुको खोजपड्ताल तथा अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२४. हालको कुपोषण दरलाई न्युनीकरण गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. घर परिवार, विद्यालय, सार्वजनिक स्थल, सभा भेलाहरुमा जङ्क फुडलाई न्यूनीकरण गर्दै स्थानीय अर्गानिक खाद्यवस्तुको प्रयोगलाई बढवा दिइनेछ ।
२६. महामारी, विपद् तथा अन्य स्वास्थ्य जोखिम व्यवस्थापनको लागि आवश्यक प्रवन्ध गरिनेछ ।
२७. जेष्ठ नागरिक, विपन्न तथा अपाङ्गता भएका व्यक्तिलाई निशुल्क स्वास्थ्य बिमा तथा सहज औषधोपचारको प्रबन्ध मिलाइनेछ ।
२८. जेष्ठ नागरिक र गर्वभति महिलाहरुको लागि निशुल्क ल्याव सेवाको व्यवस्था गरिनेछ।
२९. मर्स्याङ्दी -६, नाईचे गाउँमा आधारभुत स्वास्थ्य ईकाई सञ्चालनमा ल्याईनेछ।

**ग) खानेपानी, फोहोरमैला व्यवस्थापन तथा सरसफाइ नीतिः-**

१. नागरिकहरुलाई सुरक्षित खानेपानीको व्यवस्था गर्न क्रमिक रुपमा एक घर एक धारा अभियानलाई निरन्तरता दिई सुरक्षित पिउने पानी व्यवस्था गर्ने नीति लिइनेछ।
२. आफ्नो घर, टोल, बस्ती, वडा र गाउँपालिका सफा र सुरक्षित बनाउन पूर्ण सरसफाई उन्मूख योजनालाई कार्यान्वयनमा ल्याइने र सरसफाईका सूचकहरु तोकी कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ।
३. खानेपानीका मुहान र जलाधार क्षेत्रको संरक्षण गरिनेछ।
४. फोहोरमैला संकलन, वर्गीकरण र यसको उचित व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । सार्वजनिक स्थल, नदि खोलाहरुमा फोहेर फाल्न निषेध गरिनेछ । साथै फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने नीति लिइनेछ।
५. विभिन्न खानेपानी तथा सिँचाई आयोजनहरुका उपभोक्ता समितिलाई जलस्रोत उपयोग सम्वन्धी ऐन तथा कार्यविधिका दायराभित्र ल्याई जलस्रोत आपूर्तिलाई व्यवस्थित गर्ने नीति लिइनेछ।
६. उचित ढल व्यवस्थापन गर्न जोड दिईनेछ।
७. जलाधार तथा खानेपानीहरुको मुहान संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
८. सफा मर्स्याङ्दी अभियानलाई निरन्तरता दिइनेछ ।
९. फोहोरमैला सङ्कलन, प्रशोधन, पुनप्रयोग तथा व्यवस्थापनको प्रभावकारी गुरुयोजना बनाई थप व्यवस्थित गरिनेछ । यसको लागि अन्तरपालिका समन्वय तथा सहकार्यको नीत्ति लिईनेछ।
१०. फोहोर मैला व्यवस्थापन र सरसफाइ सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
११. प्लाष्टिक र शिशाजन्य वस्तुको प्रयोगलाई न्युनीकरण गर्दै दुना टपरी जस्ता स्थानीय श्रोत साधनबाट निर्मित सामाग्रीको प्रयोगलाई बढवा दिइनेछ । प्लास्टिक प्लेट, कप र चम्चाको प्रयोगलाई निषेध गरिनेछ।

**घ) युवा तथा खेलकुद विकास नीतिः-**

१. नियमित शारीरिक व्यायम र योग सम्बन्धी क्रियाकलापलाई अभिवृद्धि गर्ने नीति लिइनेछ ।
२. मर्स्याङ्दी गाउँपालिका खेलकुद विकास समिति द्वारा खेलकूदको योजनावद्ध विकास गरिनेछ ।
३. वडा स्तरीय मर्स्याङ्दी रनिङ शिल्ड खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।
४. एक वडा एक खेलमैदान निर्माण गरी खेलकुदको विकासमा जोड दिइनेछ ।
५. अन्तर विद्यालय **मर्स्याङ्दी कप** प्रतियोगिता सञ्चालन गरिनेछ ।
६. गाउँपालिका भित्र अन्तर क्लव स्तरीय खेलकूद गतिविधिहरुको सञ्चालनलाई व्यवस्थित गरिनेछ।
७. स्थानीय पाठ्यक्रममा खेलकुदलाई समावेश गरिनेछ ।
८. व्यवसायिक खेलाडीको प्रवर्द्धनका लागि विशेष सहयोग कार्यक्रमको व्यवस्था गरिनेछ ।

९. र्‍यापिटङ, क्यानोनिङ, प्याराग्लाइडिङ, माउन्टेनेयरिङ साइक्लिङ जस्ता शाहसिक खेलको व्यवस्था गरी यसलाई पर्यटन विकाससँग जोडिनेछ ।

१०. वैदेशिक रोजगारलाई न्यूनीकरण गर्दै सीप विकास, स्थानीय श्रोत साधनको सहि परिचालन, बाँझो जग्गा जमिनको सामूहिक तथा सहकारी खेती प्रणाली, जलश्रोत तथा पर्यटनको विकास गरी युवा रोजगारको प्रवर्द्धन गरिनेछ ।

११. वडा तथा गाउँपालिकास्तरीय युवा क्लवहरुको सञ्जाल गठन गरी युवा रोजगार तथा स्वरोजगारको सुनिश्चितताको लागि अभियान अगाडी बढाइनेछ ।

१२. युवा उद्यमशीलता विकास तालिम, व्यावसायिक सिपमूलक शिक्षा र इन्टर्नसिपको व्यवस्था गरिनेछ।

१३. छुवाछुत, दाइजो, जातीय तथा लैङ्गिक भेदभाव, अन्धविश्वास, कुसंस्कारजस्ता सामाजिक कुरीति हटाउँदै समाजको रूपान्तरणमा युवाहरूको भूमिका बढाइनेछ ।

१४. युवाहरूको राजनीतिक संलग्नता र नेतृत्व क्षमता विकास गर्दै सामाजिक, आर्थिक र राजनीतिक माध्यमबाट स्थानीय विकास निर्माणमा युवा परिचालन गरिनेछ ।

१५. विपद्, महामारी, विकास निर्माण कार्य, सरसफाइ तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिमा युवा स्वयंसेवकहरूको परिचालन गरिनेछ ।

१६. जिल्ला र राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. संघ तथा प्रदेश सरकारको सहकार्यमा गाउँपालिकाभित्र एक बहुउपयोगी खेलमैदान र कवडहल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

**ङ) संस्कृति, लक्षित वर्ग, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**क) धर्म संस्कृति नीतिः-**

१. परम्परागत प्राचीन मौलिक संस्कार संस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्द्धनमा जोड दिइनेछ । घयाप्रे, पच्यु, लामा, बालुन, रोधी, सोरठी, घाटु, कृष्ण चरित्र, सेर्गा, तमरोछोरी, झ्याउरे, तामाङ सेलो, भजन, चुड्का, स्याब्रु, लाखे जस्ता साँस्कृतिक सम्पत्ति तथा परम्परागत पञ्चेबाजा तथा अन्य लोक बाजाहरुको संरक्षणमा जोड दिइनेछ।

२. साँस्कृतिक सङ्ग्रहालय स्थापनामा उचित पहल गरिनेछ ।

३. पुरातात्विक महत्वको स्थान र सामग्रीको पहिचान तथा संरक्षण गरिनेछ ।

४. परम्परागत पानी घट्ट, ढिकी जाँतोको संरक्षण प्रवर्द्धन गरिनेछ ।

५. स्थानीय कला, संस्कृति, भेषभुषाको संरक्षण गर्ने नीति लिइनेछ ।

६. राष्ट्र कवि माधव प्रसाद घिमिरे र कविवर डिल्लीजङ्ग गुरुङको नाममा साहित्य प्रतिष्ठान गठन गरी साहित्यिक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. घेर्मु १६ औं शताब्दीको घले राजाको राजधानी भएको ऐतिहासिक स्थल संरक्षण संवर्द्धन गरिनेछ।

**ख) महिला समानता र सशक्तीकरणः**

१. स्थानीय तहको रोजगारी, उपभोक्ता समिति र व्यवस्थापन समिति गठन गर्दा कम्तीमा ५० प्रतिशत महिलाहरुको सहभागिता सुनिश्चित गर्न पहल गरिनेछ ।

२. महिलाको सम्पत्तिमा अधिकार स्थापित गर्न महिलाको नाममा पास हुने घर जग्गाको रजिष्ट्रेसन शुल्कमा छुट गरिनेछ ।

३. महिला लक्षित आयमूलक तथा सीप विकास तालिम व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ ।

४. महिला विरुद्धको विभेदकारी कानुन सामाजिक मूल्य मान्यताको अन्त्य गरी समतामूलक समाजको स्थापना गरिनेछ ।

५. वडा तथा गाउँपालिकास्तरीय महिला सञ्जाल गठन गरी महिला सशक्तीकरणको अभियानलाई निरन्तरता दिईनेछ ।

६. वालविवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, बोक्सी जस्ता अमानवीय कुराहरुको निर्मुल पार्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

७. नीति निर्माणको तहमा महिलाको उपस्थितिलाई प्राथमिकतामा राख्दै दलित, आदिवासी, जनजाति महिला एव अल्पसंख्यक महिलाका समस्यालाई ध्यान दिई विशेष कार्ययोजना निर्माण गरिनेछ।

८. एकल महिलाहरुको वर्गिकरण गरी राज्यले दिंदै आएको सुविधालाई व्यवस्थित गरिनेछ। एकल महिलाहरुका लागि आय आर्जन तथा सीप विकासको व्यवस्था गरिनेछ ।

ग) जेष्ठ नागरिकः

१. जेष्ठ नागरिकहरुको अनुभव तथा सीप पछिल्लो पुस्तामा हस्तान्तरण गर्नका लागि प्रत्येक वडामा वडा स्तरीय जेष्ठ नागरिक सञ्जाल गठन गरिनेछ ।

२. ६० वर्ष देखि ६७ वर्ष उमेर समूहका एकल पुरुषलाई सम्मान स्वरुप उपलब्ध गराउदै आएको मासिक सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ।

३. वार्षिक रुपमा कम्तीमा एकपटक जेष्ठ नागरिकहरुलाई धार्मिक पर्यटकीय ऐतिहासिक स्थलहरुमा सद्भावना तथा देशदर्शन भ्रमण गराइनेछ ।

४. जेष्ठ नागरिकको निशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ ।

५. जेष्ठ नागरिक सम्मान कार्यक्रमहरु आयोजना गरिनेछ।

६. ७० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई जिल्ला अस्पताल सम्मको निशुल्क एम्बुलेन्स यातायातको व्यवस्था गरिनेछ।

घ) बालबालिकाः

१. विपन्न वर्ग तथा विपद्मा परेका बालबालिकाको सर्वाङ्गीण विकास गर्न वालसंरक्षण कोषको व्यवस्था गरिनेछ ।

२. गरीव असहाय अपाङ्ग अशक्त बालबालिकाको लागि शिक्षा स्वास्थ्यमा पहुँच पुऱ्याउन विशेष व्यवस्था गरिनेछ ।

३. वडा स्तरीय बाल उद्यान, बाल मनोरञ्जन स्थल आदिको व्यवस्था गर्न पहल गरिनेछ ।

४. विद्यालय स्तरीय, वडा स्तरीय र गाउँपालिका स्तरीय बालक्लव गठन गरिनेछ ।

५. बालबालिकामा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउन अन्तरविद्यालय गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

६. वालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु पूरा गर्ने गरी वालमैत्री वडा घोषण गर्दै बालमैत्री गाउँपालिका घोषण गरिनेछ ।

७. पोषणको स्थितिले जोखिमयुक्त बालवालिकालाई लक्षित गरी 'बच्चा र' आमाको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८. बालश्रमको अन्त्य, बालमैत्री शासन तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।

९. गैसस र, सामाजिक तथा धार्मिक संस्थाहरूसँग सहकार्य गरी अनाथालय, सेवाकेन्द्र तथा आश्रम निर्माणको प्रयन्त गरिनेछ ।

**ङ) अपाङ्ग, असहाय, अल्पसङ्ख्यक, मनोसामाजिक समस्या :**

१. 'घ' वर्गको अपाङ्ग, अशक्त, अल्पसंख्यकहरुलाई शिक्षा आयआर्जन सम्वन्धी सीप विकास र राहतको विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

२. लोपोन्मुख, सीमान्तकृत, तेस्रो लिङ्गी, अपाङ्ग, अशक्त र अल्पसंख्यकहरुको गाउँपालिका स्तरीय अभिलेख राखी सहयोगको व्यवस्था मिलाइनेछ ।

३. अपाङ्गताको अवस्था हेरी सो व्यक्ति वा परिवारलाई लक्षित गरी विशेष सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

४. ग वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।

५. मनोसामाजिक समस्या भएका व्यक्तिहरुको स्वावलम्बन समुहहरु बनाई आय आर्जनको कार्यक्रमहरु लागु गरिनेछ ।

**च) दलितः**

१. शिक्षामा समान पहुँच स्थापित गर्न दलितहरुका लागि विशेष शैक्षिक कार्यक्रमको व्यवस्था गरिनेछ।

२. वडा तथा गाउँपालिकास्तरीय दलितहरुको सञ्जाल गठन गरी सशक्तीकरणको अभियानमा अगाडी बढाइनेछ ।

३. दलितहरुले गर्दै आएको पेशा तथा व्यवसायलाई संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यक्रमको व्यवस्थापन गरिनेछ ।

४. छुवाछुतलाई सामाजिक र कानुनी अपराधको रुपमा लिई सामाजिक विभेदको अन्त्य गरिनेछ।

५. संविधानमा उल्लेख भएका दलितका हक सम्बन्धी कार्यक्रमहरू सङ्घ तथा प्रदेशको सहकार्यमा अघि बढाउने व्यवस्था गरिनेछ ।

**छ) जनजातिः**

१. शिक्षा, स्वास्थ्य र रोजगारमा समान पहुँचका लागि विशेष व्यवस्था गरिनेछ ।

२. सवै जातजातिको पहिचानका लागि जातीय सङ्ग्रहालयको स्थापना गरिनेछ ।

३. जनजातिहरुको सीपमा आधारित घरेलु उद्योगधन्दाहरु राडी पाखी, बख्खु, चोया डोका आदिको संरक्षण एव व्यवसायिक उत्पादनमा जोड दिइनेछ ।

४. जनजातिहरुको धर्म संस्कृति, चाडपर्व परम्परा संरक्षण र प्रवर्द्धन लागि जनजाति लगायत सबै जातजातिहरुको पहिचान र उत्थानका लागि समावेशी आयोग मार्फत अगाडी बढाउन प्रयास गरिनेछ ।

५. वडा तथा गाउँपालिका स्तरीय जनजातिहरुको सञ्जाल, मञ्च, मिलनकेन्द्र गठन गरी जनजाति हकहित तथा अधिकारको संरक्षण गरिनेछ ।

**ज) बालविवाह, लैङ्गिक हिंसा सामाजिक कुरीति, विभेद र छुवाछुत अन्त्य गर्ने अभियान सम्बन्धी नीतिः**

१. बालबिवाह गर्नु कानुनको विपरित र अपराध समेत भएकाले बाल विवाह अन्त्य गर्न विद्यालय र वडा स्तरीय भेला गरी कानुनी सचेतना र सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।बाल विवाह मुक्त पालिका घोषणा गर्दै वाल मैत्री स्थानीय शासनको आधार तयार गरिनेछ।

२. लिङ्ग पहिचान गरी गर्भपतन गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

३. महिलाहरु माथि लिङ्गकै आधारमा हुने भेदभाव, हिंसा, अपहेलना र बहिष्करण अन्त्य गर्ने अभियान सञ्चालन गर्दै महिला माथि हुने हिंसाको दोषी माथि कानुनी कारबाही बढाउन आवश्यक समन्वय, सहयोग र सहजीकरण गरिनेछ ।

❖ **शहिद तथा वेपत्ता योद्धा र शहिद परिवार सम्बन्धी नीतिः**

१. महङ्गी, भ्रष्टाचार विरुद्धको आन्दोलनमा शहादत प्राप्त गर्नुहुने शहिद सुकमान गुरुङ, जनयुद्धका चरणमा बलिदान गर्नुहुने शहिदहरु कोपिला घिमिरे(आस्था), परशुराम गुरुङ, सुक बहादुर बि.क.,एण्डु क्षेत्री, बेपत्ता योद्धा तेज बहादुर भण्डारीको सम्मान र सम्झनामा खुदी बजारमा स्थापना गरिएको शहिद तथा वेपत्ता स्मृति भवनलाई सार्वजनिक पुस्तकालयको रुपमा स्थापना गरिनेछ ।

२. गाउँपालिकाको संरक्षकत्वमा स्थापना गरिएको शहिद तथा वेपत्ता स्मृति अध्ययन केन्द्रलाई आवश्यक सहयोग गरी शहिद तथा वेपत्ता योद्धाको स्मरणमा स्मृति कार्यक्रमहरु सञ्चालन गर्ने र जीवनीहरु प्रकाशन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

❖ **राष्ट्रिय व्यक्तित्व, स्थानीय राजनैतिक, सामाजिक अभियन्ताहरुको सम्मान तथा स्मरण सम्बन्धी नीतिः–**

१. गाउँपालिकाको भूगोलभित्र जन्मिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यत्तित्वहरु राष्ट्रिय विभुति वीर भक्ति थापा, राष्ट्रकवि माधव प्रसाद घिमिरे, डा. हर्क गुरुङ, कविवर डिल्लीजङ्ग गुरुङ लगायत विभिन्न कालखण्डका जनप्रतिनिधि, शैक्षिक व्यक्तित्व र सामाजिक अभियन्ताहरुको जीवनी प्रकाशन गर्न आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

२. राष्टकवि माधव प्रसाद घिमिरे र डा. हर्क गुरुङको सम्मान तथा स्मरणमा बेसीशहर– चामे सडकको नामाकरणका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

❖ **मदिरा, सुर्ति जन्य पदार्थ र लागु औषध नियन्त्रण अभियानः-**

१. मदिरा, सुर्तिजन्य पदार्थ तथा लागु औषध नियन्त्रण सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. अनियन्त्रित मदिरा सेवनका कारण सामाजमा हुने झै– झगडा मानव स्वास्थ्यमा पर्दै गएको असरहरुलाई मध्य नजर राख्दै मदिरा सेवनलाई निरुत्साहित गर्न मदिरा सेवनबाट मानव स्वास्थ्यमा पर्ने असर र समाजमा उत्पन्न हुने समस्याहरुको बारेमा सचेतना फैलाउने नीति अवलम्बन गरिनेछ।

❖ **वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः-**

१. गाउँपालिकाका विपद् जोखिम क्षेत्रहरुको पहिचान तथा नक्साङ्कन गरी आवश्यकता अनुसार बस्ती स्थानान्तरणको नीति लिइनेछ ।

२. विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।

३. भू– क्षय तथा नदी नियन्त्रण, सेनेटरी ल्याण्डफिल्ड साइट निर्माण, जग्गा पुनर्स्थापना जलवायु परिवर्तन, प्राकृतिक ताल तलैया र सिमसार क्षेत्रको संरक्षण गरिनेछ ।

४. भू- क्षय बाढी पहिरो अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, खडेरी, सुखा, भूकम्प, महामारी रोग जस्ता विपदको उचित व्यवस्थापन गरिनेछ र जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने सचेतनामूलक कार्यक्रहरु सञ्चालन गरिनेछ ।

५. लघुविद्युत, सौर्य तथा वायु ऊर्जा, वायोग्यास र ग्रामीण ऊर्जा सुधारिएको चुल्हो जस्ता नवीकरणीय ऊर्जाको व्यवस्था गरिनेछ ।

६. राष्ट्रिय वनलाई सामुदायिक तथा कबुलियत वनमा ल्याई संरक्षण गरिनेछ ।

७. चिराइतो, सतुवा, पाँचऔले, वनलसुन, निरमसी, तेजपत्ता, अमला, हर्रोबर्रो, चिउरी, यार्सगुम्वा, जटामसी, हलेदो, टिमुर, सर्पगन्धा, पिप्ला, लप्सी जस्ता जडीबुटी तथा वनजन्य जटिबुटिहरुको सङ्कलन प्रशोधन तथा व्यवसायिक खेतीको शुरुवात गर्दै रोजगारी सिर्जना गरिनेछ ।

८. चाँप, कटुस, उत्तीस, साल, टुनी, बिस जस्ता काठजन्य वस्तुहरुको उचित प्रयोग तथा व्यवस्थापनमा जोड दिइनेछ ।

९. ACAP तथा MCAP सँग सहकार्य गरी वन, वन्यजन्तु संरक्षण गर्ने र पर्यटन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

१०. वनजन्य कच्चा पदार्थसँग आधारित घरेलु उद्योगहरुको प्रवर्द्धनमा जोड दिइनेछ ।

११. सबै घरधुरीहरुलाई धुवाँरहित भान्छाघरको रुपमा विकास गरिनेछ ।

१२. पूर्वाधार विकास कार्य गर्दा बायोईन्जिनियरिङमा जोड दिइनेछ ।

१३. विपदद्बारे हुने मानवीय तथा भौतिक क्षति रोक्न भूसंरक्षण तथा पहिरो नियन्त्रण सम्बन्धी कार्यहरू र नदी तटबन्धन तथा बाढी नियन्त्रणसम्बन्धी कार्यहरू गरिनेछ ।

१४. वन डँढेलो हुन नदिन सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। डँढेलोबाट हुनसक्ने क्षति रोक्ने प्रतिकारात्मक तथा उपचारात्मक कार्यक्रम तय गरिनेछ ।

१५. विभिन्न प्रकारका विपद्हरूको सामना गर्न पूर्वतयारी तथा आपतकालीन उद्धार, राहत एवं पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यहरू गरिनेछ ।

१६. वनक्षेत्रमा हुने मानवीय अतिक्रमण रोक्न प्रदेश र सङ्घसँग सहकार्य गरिनेछ ।

१७. सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा जडिबुटी एवं वन पैदावर उत्पादन, प्रशोधन तथा बजारीकरणसम्बन्धी कार्यहरू गरिनेछ ।

१८. सरकारी वनको संरक्षण, वैज्ञानिक वन व्यवस्थापनमा जोड दिई सामुदायिक वनहरुको व्यवसायीकरण र वृक्षरोपणमा जोड दिइनेछ ।बेद बाँस, लोट सल्ला, दन्त ओखर जस्ता आय आर्जन गर्न सकिने वृक्षा रोपण गरिनेछ।

१९. फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरण संरक्षण र सरसफाइमा जोड दिइनेछ।विभिन्न बस्तिहरुमा नकुहिने फोहोर संकलन केन्द्रहरु स्थापना गरि सवै फोहोरहरुलाई पालिकाको संकलन केन्द्रमा एकिकृत गरि पुन प्रयोगमा पठाईने व्यवस्था गरिनेछ।

२०. वन्यजन्तु तथा जडीबुटी चोरी शिकारी, निकासी, अनियन्त्रित वन फडानी, डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै कानुनी कारवाहीलाई कडाईका साथ लागू गरिनेछ।

२१. ढुङ्गा गिटी, बालुवा जस्ता प्राकृतिक स्रोतको उचित प्रयोग र परिचालन गर्न आवश्यक प्रकृया पुरा गर्दै वातावरणमा ह्रास नहुने गरि स्थानीय जनतासँग समन्वय गर्ने नीति लिइनेछ ।

२२. विपदद्बारे आइपर्ने मानवीय तथा भौतिक क्षतिको अवलोकन गरी विपद् व्यवस्थापन कोषबाट कार्यविधि अनुसार राहत वितरणलाई निरन्तरता दिइनेछ ।

२३. सार्वजनिक जग्गालाई लिजमा दिई उपयोग गर्ने नीति लिइनेछ ।

अर्जुन गुरुङ
अध्यक्ष

२४. वडास्तर र गाउँपालिकास्तरमा बनेको विपद् व्यवस्थापन समिति, स्वास्थ्यकर्मी, सुरक्षा निकाय, रेडक्रस जस्ता संघ संस्थाहरुसँग सहकार्य गर्दै विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

२५. जलवायु परिवर्तनले मानव र जीवजन्तुमा पर्दै गएको प्रतिकुलतालाई अनकुलतामा ल्याउन स्थानीय जलवायू अनकुलन योजना र सामुदायिक अनकुलन योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

२६. दुर्लभ वन्यजन्तु रेड पाण्डाको संरक्षणमा जोड दिइनेछ ।

❖ पूर्वाधार विकास नीतिः

क) सडक, भवन तथा पुलः-

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ को उपदफा २ मा गाउँपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दायाँ बायाँ अधिकार क्षेत्र (राइट अफ वे) पालना गराउनु पर्ने व्यवस्था भए अनुसार यस गाउँपालिका भित्र पर्ने सडकको मापदण्डको लागि आवश्यक कानून बनाइ लागू गरिनेछ ।

२. घोडेटो र गोरेटो बाटोहरुको मर्मतका लागि आवश्यक बजेटको व्यवस्था गरी निर्माण कार्य अगाडी बढाइनेछ ।

३. अन्नपूर्ण चक्रीय वैकल्पिक पैदल मार्गको संघ तथा प्रदेश सरकारको साझेदारीमा निर्माण कार्यलाई अगाडी बढाउन आवश्यक पहल गरिनेछ ।

४. गाउँपालिका भित्र आवश्यक ठाउँहरुमा झोलुङ्गे पुल निर्माण गरिनेछ ।

५. सामुदायिक भवनहरुको मर्मत सम्भारमा विशेष ध्यान दिइनेछ ।

६. सडकले काटिएको जग्गाहरुको लगत कट्टा गर्न आवश्यक पहल गरिनेछ ।

७. गाउँपालिकाको प्रशासकीय भवन निर्माणको प्रक्रियालाई अगाडी बढाइनेछ ।

८. उत्पादनमुलक क्षेत्रको पूर्वाधार निर्माणमा बजेटलाई विशेष प्राथमिकतामा राखिनेछ।

९. एक वस्ति एक योजनाको अवधारणामा योजनाहरु छनौट गरिनेछ।

१०. अति आवश्यक साना योजनाहरुको व्यवस्थापन गर्न विशेष बजेटको व्यवस्था गरिनेछ।

११. उपभोक्ता र टेण्डर मार्फत गरिने कार्यहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउन वडा र पालिका स्तरिय अनुगमन समितिहरुलाई थप क्रियाशिल बनाईनेछ।

१२. सडक संरचनाहरुको दिगोपना र सडकको माटो क्षयिकरण रोकथामको लागि सडक बायो ईन्जिनियरिङ कार्यलाई प्रभावकारी बनाईनेछ।

१३. गा.पा. भित्र बन्ने नयाँ सडक तथा स्तरोन्नतीको लागि उन्नत ग्रामीण सडक निर्माण निर्देशिका २०७९ बमोजिम लागु गरी नेपाल ग्रामीण सडक डिजाइन मापदण्ड २०५५ (दोस्रो संसोधन २०७१) बमोजिमकै प्रकृयालाई निरन्तरता दिईनेछ।

१४. नयाँ सडक निर्माण र स्तरोन्नतिको कामलाई तिब्रता दिन र वर्षातको समयमा हुने पहिरोका कारण अवरुद्ध सडकहरुलाई नियमित सुचारु गर्न गाउँपालिकाको आफ्नै ईक्स्याभेटर खरिदको प्रकृया अगाडी बढाईनेछ।

ख) विद्युत तथा ऊर्जा विकास नीतिः-

१. एक मेगावाट सम्मको जलविद्युत आयोजनाको सम्भावना अध्ययन गरी सार्वजनिक–निजी साझेदारीमा सञ्चालन गर्नको लागि आवश्यक कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ।

२. सङ्घ, प्रदेशसँगको सहकार्यमा अनुदानमा विघुतीय चुल्हो वितरणको नीति लिइनेछ ।

३. गाउँपालिका भित्रका केन्द्रिय प्रशासरण विद्युतको पहुँच नपुगेको बस्तीहरुमा विद्युत विस्तारको काम सम्पन्न गरिनेछ ।

४. विद्युतको गुणात्मक स्तरमा वृद्धि गर्न सम्बन्धित सबै निकायसँग समन्वय गरिनेछ ।

५. वैकल्पिक ऊर्जामा संघ र प्रदेश सरकारसँग अनुदान माग गरी होमस्टे सञ्चालन भएका बस्तीहरु र बजार क्षेत्रहरुमा सोलार बत्तीको व्यवस्था गरिनेछ ।

६. "मर्स्याङ्दी गाउँपालिकाको पानी ऊर्जामा लगानी" लाई अभियानको रुपमा अगाडी बढाई हाइड्रोमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक प्रक्रिया अगाडी बढाइनेछ, साथै गाउँपालिकाभित्र निर्माणाधीन जलविद्युत आयोजनाहरु समयमा नै सम्पन्न गर्नका लागि आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

७. मर्स्याङ्दी, खुदी र डादी करीडोरमा सञ्चालन हुने जलविद्युत आयोजनाहरुलाई EIA अनुसार छरछिमेक कार्यक्रम सञ्चालनमा गाउँपालिकाको समन्वयमा पारदर्शी रुपमा सञ्चालन गर्न लगाइने छ ।

८. सञ्चालित जलविद्युत आयोजनाहरुमा स्थानीय स्रोत, साधन र श्रमको उपयोगमा आवश्यक पहल गरिनेछ ।

९. जलश्रोत र जलविद्युतको विकासलाई मर्स्याङ्दी गाउँपालिकाको रोजगारी, समृद्धि र विकासको पहिलो आधार बनाइनेछ ।

१०. अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन योजना बनाइ मर्स्याङ्दी गाउँपालिकालाई हाइड्रो मैत्री गाउँपालिका घोषणा गरी साना जलविद्युत आयोजना आन्तरिक लगानीबाट र मझौला तथा ठूला आयोजनाहरु प्रदेश, संघ तथा विदेशी लगानीबाट निर्माण गर्ने नीति अनुशरण गरिनेछ ।

११. जीर्ण पोलहरुलाई स्टिल पोल, सिङ्गल फेजहरुलाई थ्रि फ्रेजमा परिणत गर्दै ट्रान्सफरमरहरुको क्षमता र गुणस्तरता ध्यान दिँदै विद्युतीकरणको स्तर उन्नतिमा जोड दिइनेछ ।

१२. बायोग्यास, सौर्य ऊर्जा, वायुऊर्जा, लघु जलविद्युतलगायतका वैकल्पिक ऊर्जाका प्रयोगलाई प्राथमिकतामा राखिनेछ ।

**ग) आवास व्यवस्थाः**

१. सङ्घ र प्रदेशसँगका सहकार्यमा जनता आवास, सुरक्षित आवास, विपद् पीडित आवास, दलित तथा विपन्न समुदायको आवास कार्यक्रम अघि बढाइनेछ।

२. बजार तथा सडक क्षेत्रमा भवन संहिता एवं मापदण्डको तर्जुमा गरी कार्यान्वयन र अनुगमन गरिनेछ ।

३. घर नक्सा पास प्रणालीलाई कार्यान्वयनमा ल्याई घर भवन निर्माणको नियमित अनुगमन गरिनेछ।

४. राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५. भूमिहीन तथा सुकुम्बासीहरुको तथ्याङ्क सङ्कलन गरी "आवास तथा रोजगार कार्यक्रम" अगाडी बढाइनेछ ।

६. एक गाउँ एक बहुउद्धेश्यीय सामुदायिक भवन निर्माण तथा स्तरोन्नति गरिनेछ ।

७. स्वच्छ हराभरा वातावरणमैत्री शहर, मर्स्याङ्दीको रहर भन्ने नाराका साथ व्यवस्थित बजार विकास कार्यक्रमलाई जोड दिई आगामी १० वर्ष भित्र नगर पालिकामा विकास गरिनेछ ।

८. एक वडा एक नमुना गाउँ, मर्स्याङ्दी गाउँपालिकालाई नमुना बनाऔं भन्ने नाराका साथ नमुना गाउँ निर्माणको सुचकहरु तयार गरी चार वर्ष भित्रमा कम्तीमा ९ नमुना गाउँ तयार गरिनेछ ।

❖ **न्यायिक नीति (मेलमिलाप सम्बन्धी)**

१. स्थानीय सरकारलाई संविधानले न्यायिक अधिकार समेत प्रदान गरेकाले न्यायिक समिति मार्फत समाजमा हुने विवादलाई मेलमिलाप गराउने र अन्यायमा परेका पीडित व्यक्तिहरुलाई क्षतिपूर्ति सहितको न्याय दिलाउने व्यवस्था गरिनेछ ।
२. न्यायमा स्थानीय जनताको पहुँच र सुनिश्चितता छिटो छरितो गरिनेछ ।
३. न्यायिक समितिका फैसलाहरूको कार्यान्वयन र सो को अनुगमन गरिनेछ ।
४. मानव अधिकारको संरक्षण र मानव अधिकार हननको अवस्थाको अनुगमन तथा आवश्यक कारवाही गरिनेछ ।
५. समाजमा साम्प्रदायिक सद्भाव र सामाजिक एकतालाई सुदृढ बनाइनेछ ।
६. वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी मेलामिलाप कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।न्यायिक समिति सदस्य र मेलमिलाप कर्ताहरुको क्षमता विकासका लागि पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।
७. कानुनी सचेतना र कानुन सम्बन्धी अभिमुखीकरण गर्न आधारभूत र माध्यमिक विद्यालयका विद्यार्थीहरु, टोल सुधार समिति, आमा समूह, युवा क्लवका सदस्यहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
८. न्यायिक समिति मार्फत वालविवाह, जातीय भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा उन्मुलन, मदिरा नियन्त्रण अभियान सञ्चालन गरिनेछ ।
९. न्यायपूर्ण समाज निर्माणको लागि समाजमा घट्ने कुलत, जुवातास अन्त्यको लागि सामुदायिक प्रहरी साझेदारी कार्यक्रमका साथै युवा क्लव, आमा समूहको साझा सक्रियतामा सार्वजनिक स्थलहरुमा मदिराजन्य वस्तुको उपभोगमा नियन्त्रण गरिनेछ ।
१०. न्यायिक समितिलाई सहजीकरण गर्न एक जना कानूनी सहायकको व्यवस्था गरिनेछ ।

❖ भूमि नीतिः-

१. भू– उपयोगको नीति अवलम्बन गरी जमिनको माटो परीक्षण गरी उचाइ अनुसारको सम्भावना भएको कृषि उत्पादनका लागि उर्वर भूमिको उपयोगमा जोड दिइनेछ । साथै उर्वरशील, समथर भू भागमा वस्ती विकासमा रोक लगाई सिंचाइको व्यवस्था गरी जमिनलाई अधिकतम उपभोगमा ल्याइने पहल गरिनेछ ।
२. बाँझो जमिनको तथ्याङ्क सङ्कलन गरी कृषि, वनसँग सम्बन्धित खेती सञ्चालन गर्नलाई प्रोत्साहन गरिनेछ ।
३. सार्वजनिक जग्गाहरुको पहिचान, लगत सङ्कलन, संरक्षण र उपयोगको नीति लिइनेछ ।
४. खाद्यबाली, नगदेवाली, फलफूल, तरकारी, जडीबुटीको क्षेत्र निर्धारण गरी उत्पादन वृद्धि गरिनेछ।
५. जमिन बाँझो राख्न नपाइने नीति अवलम्बन गर्दै भूउपयोग कार्यक्रम लागू गरिनेछ ।
६. पुराना तथा ऐतिहासिक गाउँबस्तीहरूको सुधार, पूर्वाधार विकास तथा विस्तार गरिनेछ ।
७. जोखिमयुक्त बस्ती, घरहरूको स्थानान्तरण तथा व्यवस्थापन गरिनेछ ।
८. सङ्घ तथा प्रदेश सरकारको सहयोगमा भूमि बैङ्कको स्थापना र व्यवस्थापन गरिनेछ ।
९. सार्वजनिक जग्गा संरक्षण र विकास तथा व्यवस्थापन गरिनेछ ।

❖ संस्थागत संरचना, सेवाप्रवाह, सुशासन तथा पारदर्शिता सम्बन्धी नीतिः-

१. प्रत्येक नागरिकलाई सूचनाको हक भएकाले गाउँपालिकाभित्र भएका विभिन्न योजना , कार्यक्रम, निर्णय, खर्च तथा अन्य सूचनाहरु गाउँपालिकाको आधिकारिक वेवसाइट तथा अन्य विद्युतीय माध्यमबाट सूचना प्रसारण गर्ने व्यवस्था गरिनेछ ।

२. गाउँपालिकाले प्रवाह गरेको सेवा तथा कार्यान्वयनमा रहेका आयोजना तथा विभिन्न विषयहरुलाई जनता सामु लैजान तथा जनताको पृष्ठपोषण लिन एक आर्थिक वर्षमा कम्तीमा दुई पटक सार्वजनिक सुनुवाइको कार्यक्रम राखिनेछ ।

३. राजस्व सङ्कलन प्रणालीलाई अनलाइन बनाइनेछ ।

४. यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको लागि निजहरुको तलब स्केलबाट ३ प्रतिशत रकम कट्टा गरी सो रकममा पालिकाको कोषबाट शत प्रतिशत रकम थप गरी सेवाशर्तलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

५. कर्मचारीहरुको क्षमताविकास तथा प्रोत्साहन गर्दै, गाउँपालिकाभित्र आउने सेवाग्राहीलाई छिटो छरितो, चुस्त दुरुस्त सेवा प्रदान गर्दै मुस्कान सहितको सेवाप्रवाह गरिनेछ ।

६. कर्मचारी व्यवस्थापन र परिभाषित उत्तरदायित्वका माध्यमबाट प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।

७. डिजिटल नागरिक बडापत्र र सोको प्रभावकारी कार्यान्वयन एवम् अनुगमन गरिनेछ ।

८. भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्दै भ्रष्टाचारीलाई सामाजिक वहिस्कार गर्दै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ ।

९. विद्युतीय सुशासनको प्रयोग गरी निर्णय प्रक्रियामा पारदर्शिता र जवाफदेहितालाई सुदृढ बनाइनेछ।

१०. छिटो छरितो सुलभ न्याय प्रणालीको विकास गरी प्रशासन सेवालाई जनमुखी र दक्ष बनाईनेछ।

११. राष्ट्रिय विभूति, अन्तर्राष्ट्रिय व्यक्तित्व, शहिद, शिक्षाप्रेमी तथा सामाजिक अभियन्ता, साहित्यकार, कलाकार, पत्रकार, खेलाडी, उद्यमी, आमा समूह, युवा क्लव, संघ संस्थाहरुलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

१२. लेखा प्रणाली, लेखापरीक्षण र लेखा समितिको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ ।

१३. गाउँपालिकामा शान्ति सुरक्षा र अमनचयनलाई भरपर्दो बनाइनेछ । सबै प्रकारको अराजकताको अन्त्य गरी कुनै पनि प्रकारको अपराधलाई न्यायको कठघरमा उभ्याई कानुनी कारवाहीको दायरामा ल्याइनेछ ।

१४. पूर्वाधार विकासका कार्यक्रमहरुलाई थप प्रभावकारी र एकरुपता बनाउन प्राविधिकहरुलाई आवश्यक सामाग्री, उपकरणहरुको व्यवस्था गदै थप दक्षता र क्षमता अभिबृद्धि गर्न तालिमहरुको आयोजना गरिनेछ।

१५. पदाधिकारी र कर्मचारीहरुलाई क्षमता विकासका कार्यक्रमहरुमा जोडिनेछ।

१६. कर्मचारीहरुको दरबन्दी विवरण वा स्वीकृत O&M तयार गरिनेछ।

१७. एक व्यक्ति एक पदको अवधारणालाई नीतिगत रुपमा व्यवस्था गर्दै संस्थागत नेतृत्व सफल र प्रभावकारी बनाउन पहल गरिनेछ।

१८. अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत विच र प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखहरु विच कार्य सम्पादन सम्झौता गरि सेवा प्रवाहलाई थप व्यवस्थित गरिनेछ।

### ❖ स्थानीय अभिलेख व्यवस्थापन, सञ्चार तथा सूचना प्रविधि सम्बन्धी नीतिः-

१. गाउँपालिकाबाट सम्पन्न हुने सम्पूर्ण काम कारबाही व्यवस्थित, सरल, सहज र पारदर्शी बनाउन सूचना प्रविधिको महत्वपूर्ण भूमिका रहेको तथ्यलाई आत्मसाथ गर्दै अघि बढिनेछ ।

२. गाउँपालिकाभित्र "एफ एम, रेडियो र स्थानीय मर्स्याङ्दी टेलिभिजन" स्थापना गर्ने प्रयत्न गरिनेछ।

अर्जुन गुरुङ
अध्यक्ष

३. एफ.एम.रेडियो, पत्रपत्रिका, टेलिभिजन एवम् सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत जनचेतना, कृषि सेवा, मौसमको पूर्वानुमान, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारी विरुद्ध सचेतना तथा पालिकाले गर्ने विकासको संप्रेषण गरिनेछ ।

४. संघ सरकारले सम्पूर्ण सरकारी सेवाहरुलाई सूचना प्रविधिमा आवद्ध गर्ने डिजिटल नेपाल फ्रेमवर्क तयार गरेको छ । यस फ्रेमवर्क अवलम्बन गरी जनतालाई E- Governance को प्रत्याभूति दिइनेछ।

५. गाउँपालिकाभित्र रहेका सम्पूर्ण शिक्षण तथा स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री तालिम सञ्चालन र व्यवस्थापन गरिनेछ ।

६. गाउँपालिकाका सम्पूर्ण खातापाता, ढङ्गामा रहेका सम्पूर्ण विवरणलाई डिजिटाइजेशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. गाउँपालिकाका प्रमुख बस्ती तथा पर्यटकीय गन्तव्यहरुलाई फ्रि वाइफाइ जोन बनाउन आवश्यक पहल कदमी गरिनेछ ।

८. गाउँपालिकामा फोन र इमेल मार्फत गुनासो राख्न सक्ने तथा प्राप्त गुनासो फछ्र्यौट गर्ने प्रणालीको व्यवस्था गरिनेछ ।

९. मर्स्याङ्दी गाउँपालिकाको डिजिटल प्रोफाइललाई अद्यावधिक गरिनेछ ।

१०. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।

११. सार्वजनिक एवम् सरकारी सम्पत्तीको अभिलेख सङ्कलन, संरक्षण र व्यवस्थापन गरिनेछ ।

❖ **गैर सरकारी संघ/संस्था तथा सहकारी क्षेत्र सम्बन्धी नीतिः–**

१. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नीति नियम र कानुनको अधीनमा रही गाउँपालिकाको विकास र कार्यक्रम सञ्चालनका लागि समन्वय र सहकार्यको नीति अवलम्वन गरिनेछ ।

२. सहकारीलाई उत्पादन, प्रशोधन र वितरणसम्म प्रभावकारी बनाई रोजगारीको आधार स्तम्भ विस्तार गरिनेछ ।

३. सहकारीलाई सेवामुखी र नाफामुखी बनाई सहकारी सिद्धान्त अनुसार सञ्चालन गरिनेछ ।

४. बैङ्किङ र सहकारी क्षेत्रलाई लक्षित वर्गको पहुँचलाई सुनिश्चित गरी चक्रीय कोष निर्माण गरी कृषि, पशुपालन र अन्य आयमुलक कार्यक्रमहरुमा उनीहरुलाई सक्रिय सहभागिता गराइनेछ।

५. सबै वर्गका जनसमुदायलाई वित्तीय पहुँचको सुनिश्चितताको लागि एक घर एक खाताको नीति लागू गर्न बैङ्क तथा सहकारीलाई परिचालित गरिनेछ ।

६. गाउँपालिका स्तरीय सहकारी सञ्जाल गठन गरिनेछ ।

७. गाउँपालिका भित्र सञ्चालित वा सञ्चालनमा रहेका गैससलाई गाउँपालिकासँग समन्वय र सहकार्य गरी सञ्चालन गर्न लगाइनेछ ।

८. गैससको लगानीलाई सरकारी लगानीको परिपूरकको रुपमा स्थापित गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

९. गाउँपालिका स्तरीय गैसस परिचालन तथा अनुगमन समिति गठन गरिनेछ ।

१०. कृषि, शिक्षा, स्वास्थ्य, सञ्चार, आवास, विद्युत्, बायोग्याँस, फोहोरमैला सङ्कलन तथा प्रशोधन, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन गर्नेजस्ता कार्यहरुमा गैर सरकारी संघ संस्था र सहकारीहरु सँग सहकार्य र समन्वय गरि व्यवस्थित गरिनेछ।

❖ **स्थानीय स्रोत– साधन तथा राजस्व परिचालनः**

अर्जुन गुरुङ
अध्यक्ष

१. स्थानीय अधिकारका खानी तथा खनिज पदार्थको उत्खनन, संरक्षण एवम् परिचालन सम्वन्धी नीति तथा कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. स्थानीय तहलाई प्राप्त अधिकार अनुरूप स्थानीय कर, सेवा शुल्क तथा दस्तुर परिचालन एवं राजस्व छलीमा नियन्त्रण गरिनेछ ।

३. सूचना प्रविधिमा आधारित करदाताको विवरण तथा राजस्व सङ्कलन व्यवस्था, राजस्व परिचालनको दीर्घकालिन योजना तर्जुमा, कार्यान्वयन र मुल्यांकन गरी अगाडि बढिनेछ ।

४. सङ्घीय एवं प्रादेशिक कानुनबमोजिम प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी सङ्कलनको विधि, समन्वय, सहजीकरणका प्रयासहरु गरिनेछ ।

५. कर प्रणालीलाई नागरिकको कर्तव्य वनाइने छ ।

❖ **नीति, कानुन तथा योजना तर्जुमा एवम् कार्यान्वयनः**

१. मर्स्याङ्दी गाउँपालिकाको विकास रणनीति अन्तर्गत दूरदृष्टि, ध्येय र लक्ष्य निर्धारण गरिनेछ ।

२. आवश्यकता अनुसार थप ऐन, कानुन, नियमावली, कार्यविधि, निर्देशिका निर्माण तथा संशोधन गरिनेछ ।

३. तयार गरिएको ५ वर्षे आवधिक योजना र वार्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

४. मर्स्याङ्दी गाउँपालिकालाई नमुना गाउँपालिका बनाउन आवश्यक मापदण्डहरू तयार गरिनेछ। मर्स्याङ्दी गाउँपालिकाको स्थानीय वालमैत्री शासन, आन्तरिक नियन्त्रण प्रणाली र मेलमिलाप केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि, निर्देशिका र विनियमहरु तर्जुमा गरिनेछ।

❖ **सङ्घ प्रदेश र स्थानीय तहहरु बीच सहकार्यः**

१. सङ्घ, प्रदेश र अन्य स्थानीय तहहरु बीच समन्वय, सहकार्य र सहअस्तित्वको नीति अवलम्बन गरिनेछ।

२. छिमेकी स्थानीय तह लगायत देश विदेशको अन्य स्थानीय तहसँग आपसी सहकार्य, अध्ययन तथा सिकाइ भ्रमण गरी आफ्नो गाउँपालिकालाई नमुना गाउँपालिका बनाउन भरपर्दो आधार निर्माण गरिनेछ।

३. विभिन्न स्वदेश तथा विदेशमा रहेका स्थानीय तहसँग भगिनी सम्बन्ध कायम गरी आपसी सहयोग आदानप्रदान गरिनेछ ।

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ३ : विपद् पूर्व तयारी सम्बन्धमा।**

मनसुन शुरु भईसकेको छ। भौगोलिक हिसावले उच्च जोखिममा रहेको यस पालिकामा मनसुनको बेला अति वर्षा हुँदा बाढी पहिरोहरु आउन सक्ने र यसबाट हुन सक्ने क्षतिबाट बच्न पूर्व तयारी र उच्च सतर्कतामा रहन अत्यन्तै जरुरी छ। तसर्थ वस्ति वस्तिहरुमा सतर्कता रहन, विपद पूर्व तयारी गर्न, कहि कतै कुनै प्राकृतिक विपद् परिहाले तत्काल उद्धार गर्न, सुचना गर्न र यसको रोकथामको लागि अधिकतम प्रयत्न गर्न सवै सँग समन्वय सहकार्य गर्न सम्पूर्ण जनप्रनिनिधिहरु विशेष कृयाशिल रहने र परिचालित हुने निर्णय गरियो।

**निर्णय नं. ४ : बुद्ध हिमाल - हिमालचुली ग्रेट लेक सर्किट ट्रेल सम्बन्धमा।**

गोर्खाको अजिरकोट गाउँपालिकाबाट शुरु भई बारपाक सुलिकोट र लमजुङको दोर्दी गाउँपालिका दुधपोखरी गाउँपालिका र मर्स्याङ्दी गाउँपालिकालाई समेट्ने बुद्ध हिमाल - हिमालचुली ग्रेट लेक सर्किट ट्रेलको सम्भाव्यता अध्ययन, डि पि आर र डकुमेन्ट्री निर्माणको लागि ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान) सँग भएको औपचारिक अनौपचारिक छलफलको आधारमा सहकार्य गर्ने र यसको लागि साझेदारी गर्न यस गाउँपालिकाको तर्फबाट आवश्यक बजेट समेत विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ : बजेट रकमान्तर सम्बन्धमा।**

मर्स्याङ्दी गाउँपालिकाको चालु आ.व २०७९/८० को पशु सेवा शाखा तर्फको वार्षिक स्वीकृत कार्यक्रम साना किसान सहयोग कार्यक्रम अन्तर्गत काउम्याट वितरण कार्यक्रममा बजेट रकम रु १,००,०००।- रहेकोमा उक्त कार्यक्रममा किसानहरुको निवेदन पर्न नआएको, त्यसै गरि विपन्न लक्षित आयआर्जन कार्यक्रम अन्तर्गत वङगुर पाठापाठी वितरण कार्यक्रममा बजेट रकम रु ७५,०००।- रहेकोमा उक्त कार्यक्रम वङगुरमा लाग्ने भाईरल अफ्रिकन स्वाईन फिवर रोग फैलिएको कारण किसानहरुलाई बाड्न नसकेको, त्यसै गरि डाले घाँसको वेर्ना वितरण कार्यक्रममा बजेट रकम रु १,००,०००।- रहेकोमा पहिलो चरणमा सुदान घाँस रकम रु ३०,०००।- बराबरको खरिद भएको र रु ७०,०००।- बाकि रहेको र बंगुरको मासुमा आत्मनिर्भर कार्यक्रममा रकम रु १,००,०००।- बिनियोजन रहेकोमा रु ५०,००० रकमको मात्र काम सम्पन्न भएकोमा उपरोक्त कार्यक्रमहरु सम्पन्न हुन नसकेकोले बाँकि रहेको कुल बजेट जम्मा रकम रु २,९५,०००।- हाल पशुवस्तुमा तिव्र रुपमा फैलिएको लम्पि स्किन डिजिज महामारिको रुपमा फैलिएको र धेरै पशुवस्तुहरु मर्न सक्ने सम्भावना रहेको हुदा उक्त रोगको नियन्त्रको लागि उपयुक्त प्रभावकारि उपचार नभएकोले यो रोगको नियन्त्रणको लागि तत्काल पशुवस्तुमा खोप सन्चालन गरि उक्त रोगको नियन्त्रण गर्नुपर्ने भएकाले माथि उल्लेखित **रकम रु २,९५,०००।- महामारि/आकस्मिक रोग लम्पि स्किन डिजिज नियन्त्रण कार्यक्रममा** रकमान्तर गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ : पूर्व वडा अध्यक्ष/कार्यापालिका सदस्यहरुलाई मायाको चिनो सहित सम्मान गर्ने सम्बन्धमा ।**

स्थानीय निर्वाचन २०७४ मा निर्वाचित भई संस्थापक अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र कार्यापालिका सदस्यको भुमिका सफलतापूर्वक निर्वाह गर्नुहुने सवैलाई मायाको चिनो सहित यस गाउँ सभामा सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ यातायात खर्च सम्बन्धमा ।**

आ.व २०७९/८० को गाउँसभाबाट स्वास्थ्यतर्फ बिनियोजित भएको औषधी तथा स्वास्थ्य सामाग्री खरिद र स्वास्थ्य शिक्षा तथा विभिन्न कार्यक्रम शिर्षकमा बाँकी रहेको रकमबाट यस मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका ६६ जना सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई यातयात खर्च वापत प्रति स्वयंसेविका बार्षिक रु १२,००० को दरले जम्मा ६६ जनालाई रु ७,९२,०००।– प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : स्वास्थ्य सेवा प्रवाह र अनुगमन सम्बन्धमा :**

स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाहरुलाई थप प्रभावकारी र व्यवस्थित बनाउन अनि तथ्याङ्क र रिपोर्टिङलाई थप व्यवस्थित बनाउन नियमित अनुगमन र स्वास्थ्य संस्थाहरुमा प्रत्यक्ष छलफल गर्ने परिपाटीको शुरुवात भए सँगै कार्यक्रमको प्रभावकारीता भएको समीक्षा भयो । सो वारे स्वास्थ्य शाखाको प्रमुख लुल बहादुर घलेद्धारा अनुगमनको प्रतिवेदन छोटकरीमा वैठकमा जानकारी भयो ।

**निर्णय नं. ९ : कारागारलाई सहयोग गर्ने सम्बन्धमा**

वेसिशहर स्थित जिल्ला कारागारको सुरक्षा पोष्ट अत्यन्तै जोखिममा रहेको सार्थ भित्र कैदीहरुको सुत्ने वेड र अन्य व्यवस्थापन अत्यन्तै नाजुक अवस्थामा रहेकोले सवै पालिकाहरुबाट सहयोग गर्ने भन्ने निर्णय भए अनुसार यस गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्ययवस्थापनलाई रु.१ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०: कृषि तथा पशुजन्य उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा**

कृषि उत्पादनलाई प्रोत्साहित गर्न र किसानहरुलाई सहयोग पुऱ्याउन कृषि तथा पशुजन्य उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : आरान सुधार कार्यक्रम सम्बन्धमा ।**

आरान सुधार कार्यक्रमको मिति २०८०/०२/०२ गते प्रकाशित सुचनाको आधारमा प्राप्त निवेदनहरुको छनौट प्रकृयावाट छनौट भएका निम्न निवेदकहरुलाई कार्यक्रमको सहयोग उपलब्ध गराउन आवश्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

| क्र.सं. | नाामथर | ठेगाना | फोन नं. | कैफि. |
|---|---|---|---|---|
| १ | टिक बहादुर कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.१ | ९८४७७२०४९७ | |
| २ | लाले कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.१ | | |
| ३ | जय बहादुर कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.१ | | |
| ४ | लाल बहादुर वि.क. | मर्स्याङ्दी गाउँपालिका वडा नं.२ | ९८४४७३०७६ | |
| ५ | खर सिं कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.२ | | |
| ६ | खुशीमान वि.क. | मर्स्याङ्दी गाउँपालिका वडा नं.३ | ९८०९४०३५०६ | |
| ७ | सन्त बहादुर कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.३ | | |
| ८ | जुन वहादुर वि.क. | मर्स्याङ्दी गाउँपालिका वडा नं.३ | ९८६६०९१०९८ | |
| ९ | मिन प्रसाद विश्वकर्मा | मर्स्याङ्दी गाउँपालिका वडा नं.३ | | |
| १० | दम्ब कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.४ | | |
| ११ | सन्ते वि.क. | मर्स्याङ्दी गाउँपालिका वडा नं.५ | ९८४६८५१७१९ | |
| १२ | राम बहादुर कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.५ | ९८४६५२४१८५ | |
| १३ | हु बहादुर कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.५ | ९८६३१७८०५७ | |
| १४ | मिन बहादुर वि.क. | मर्स्याङ्दी गाउँपालिका वडा नं.५ | ९८४९०४४८०२ | |
| १५ | राम बहादुर वि.क. | मर्स्याङ्दी गाउँपालिका वडा नं.६ | | |
| १६ | लुरे कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.६ | | |
| १७ | होम वहादर विश्कर्मा | मर्स्याङ्दी गाउँपालिका वडा नं.६ | | |
| १८ | सिरिमान कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.७ | ९८२५५९७३५६ | |
| १९ | सुक मान कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.७ | | |
| २० | होम बहादुर कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.८ | | |
| २१ | विर बहादुर वि.क. | मर्स्याङ्दी गाउँपालिका वडा नं.९ | ९८४७७३१७९४ | |
| २२ | मंगले कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.९ | ९८०४१७०३४७ | |
| २३ | जग बहादुर वि.क. | मर्स्याङ्दी गाउँपालिका वडा नं.९ | ९८६९१४६५७५ | |
| २४ | गोमे कामी | मर्स्याङ्दी गाउँपालिका वडा नं.९ | ९८०६७२२९०६ | |

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. १२ : आर्थीक सहयोग सम्बन्धमा :**

क) विविध कार्यक्रम खर्च (२२५२९) र अन्तर्गतको **विपद् व्यवस्थापन कोषवाट** निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

- नाल्धारा खानेपानी तथा सिँचाई, मर्स्याङ्दी -१ रु.८६,०००।- (पहिरोले खानेपानी योजना र सिँचाई क्षति पुऱ्याएको)
- खुदी बजार खानेपानी, मर्स्याङ्दी -३ रु.३८,४००।- (खानेपानी अभाव पाईप उपलब्ध गराउने)